आज मिति २०७४।०५।२९ गते लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको छैठौ पटक बैठक बसी निम्नानुसारका प्रस्ताव उपर छलफल भई निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री यज्ञ पुरी, सचिव, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

निर्णयहरु:

१. यस बैठकमा प्रस्तुत **लिखु गाउँ सभा सञ्चालन कार्यविधि, २०७४** मसौदा स्वीकृत गर्ने ।

२. यस बैठकमा प्रस्तुत लिखु गाउँपालिकाका पदाधिकारीको आचारसंहिता, २०७४, लिखु गाउँपालिकाको आर्थिक कार्यविधि तथा व्यवस्थित गर्न बनेको कानून, २०७४ र एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७४ मसौदा गाउँ सभाबाट स्वीकृतिको लागि आगामी गाउँ सभाको बैठकमा पेश गर्ने गरी स्वीकृत गर्ने ।

३. साविकमा जिल्ला स्थित विषयगत कार्यालयहरुसँग वा अन्य केन्द्रिय निकायहरुसँग वा कुनै कार्यक्रम अन्तरगत करारमा कार्यरत कर्मचारीहरु वा कुनै प्रचलित कानूनमा तलब भत्ता निर्धारण भएकोमा बाहेक लिखु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत अस्थायी, करार वा ज्यालादारी कर्मचारीहरुलाई नेपाल सरकारको समान तह/श्रेणीको प्रचलित तलबस्केल अनुसार तलब भत्ता दिने । करारमा सेवा गरिरहेका कर्मचारीको सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।०१।२१ को निर्णयानुसार तोकिएको सुविधा समेत दिने । अन्य सेवा सुविधाका सम्बन्धमा नेपाल सरकारको प्रचलित ऐन, नियम तथा परिपत्रहरु तथा करार सम्झौता अनुसार हुने ।

४. गाउँपालिकाका पदाधिकारीहरुको सेवा तथा सुविधालाई व्यवस्थित गर्नका लागि लिखु गाउँपालिकाका पदाधिकारीहरुको मासिक भत्ता, सञ्चार सुविधा तथा बैठक भत्ता चालू आ.व. २०७४।७५ देखी लागु हुने गरी निम्नानुसार निर्धारण गर्ने र त्यस्तो मासिक भत्ता र सञ्चार खर्च सम्बन्धी सुविधाको दायित्व गाउँपालिकाको आन्तरिक आम्दानीबाट व्यहोरिने व्यवस्था गर्ने ।

**१. मासिक भत्ता र सञ्चार खर्च सम्बन्धी सुविधा**

| क्र.सं. | पदाधिकारी | मासिक भत्ता | सञ्चार खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | ३०,०००।- | २०००।- | |
| २ | गाउँपालिका उपाध्यक्ष | २५,०००।- | १०००।- | |
| ३ | वडा अध्यक्ष | १५,०००।- | ५००।- | |
| ४ | गाउँ कार्यपालिकाका सदस्य | ५,०००। | | |

५. लिखु गाउँपालिकाका गाउँसभा, गाउँ कार्यपालिका, वडा कार्यालय तथा समितिहरुको बैठक बस्दा देहायबमोजिमको भत्ता उपलब्ध गराउने ।

| **क्र.सं.** | **बैठकको किसिम** | **बैठक भत्ता** | **कैफियत** |
|---|---|---|---|
| १ | गाउँसभाको बैठक | १,५००।- | |
| २ | गाउँ कार्यपालिकाको बैठक | १,५००।- | |
| ३ | वडा समितिको बैठक | १,५००।- | |

| | | | |
|---|---|---|---|
| ४ | न्यायिक समितिको बैठक | १,५००।- | |
| ५ | अन्य बैठक | १,५००।- | |

द्रष्टव्य:

१. गाउँ सभाका समितिहरुको बैठकमा समेत गाउँ सभाका लागि निर्धारित भएको बैठक भत्ता लागु हुनेछ ।

२. गाउँ कार्यपालिकाको समितिहरुको बैठकमा गाउँ कार्यपालिकाको लागि निर्धारित बैठक भत्ता लागु हुनेछ ।

३. न्यायिक समितिले गठन गरेका छानविन समिति, मेलमिलाप समिति जस्ता समितिहरुको बैठकमा न्यायिक समितिको लागि निर्धारण गरिएको बैठक भत्ता लागु हुनेछ ।

४. गाउँ सभा, गाउँ कार्यपालिका र वडा समितिको बैठकमा कानूनले तोके भन्दा अन्य व्यक्तिलाई आमन्त्रित गर्न पाइने छैन । न्यायिक समिति र अन्य बैठककमा सम्बन्धित विषयका विज्ञ वा जानकार, सम्बन्धित शाखा हेर्ने कर्मचारी वा बैठकले उचित ठानेको व्यक्ति मध्ये बढीमा ३ जनासम्म आमन्त्रण गर्न सकिनेछ ।

६. गत आर्थिक बर्ष २०७३।७४ को विनियोजित कार्यक्रम मध्ये गत आर्थिक बर्षमा निर्माण शुरु भएका तर मिति २०७४ बैसाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनका कारण समयमै भुक्तानी हुन नसकेका र चालू आ.ब. मा निरन्तरता रहेका तपशिलका योजनाहरुको प्राविधिकहरुलाई नापजाँच गराई प्राविधिक प्रतिवेदन लगायत सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम भुक्तानी दिने ।

तपशिल:

| क्र.सं. | आयोजनाको नाम | विनियोजित रकम (रु.हजारमा) |
|---|---|---|
| १ | रतनदेउ प्रावि गेट | १५० |
| २ | लब्धु ढिकुरे शेरा सिंचाई | ८० |
| ३ | बागिनी खोला हिमपाईप सडक मर्मत | १०० |
| ४ | बगरबजार सुन्दरीटार धमला गाउँ सडक | ८०० |
| ५ | धोक्रेखोला चण्डेश्वरी प्रा.वि. बाटो | १०० |
| ६ | लब्धु भूमीगत खानेपानी पाइप खरिद | १०० |
| ७ | नवप्रकाश मावि भौतिक निर्माण | ४० |
| ८ | मालाकोट खानेपानी सुधार | ७५ |
| ९ | शिवपार्वती मन्दिर संरक्षण योजना | ५० |
| १० | नागी गुफा संरक्षण योजना | २० |
| ११ | ३ नं. वडा कार्यालयको भवनमा ट्रस निर्माण | ९७५ |

| | | |
|---|---|---|
| १२ | अमिलबोटे भेडा राख्ने चौर हुदै बमे भञ्ज्याङ्ग सडक | ५०० |
| १३ | बेलासपुर खानेपानी | २०० |
| १४ | कालिका प्रा.वि. ग्रिल | १०० |
| १५ | प्वाल परेको ढुंगा हुदै लाम्पाटी कुलो | ३० |
| १६ | महादेवस्थान चैनपुर खा.पा. मर्मत | ५० |
| १७ | जोगीखोला कुसुमेथली खानेपानी | ५० |
| १८ | ऐसेलुबोट जुरेली खानेपानी | २० |
| १९ | शेराडिल टारको वन हुँदै सिमलबोट मोटरबाटो ग्राभेल अस्थायी नाली | ४०० |
| २० | फगटे सिमलबोट महेन्द्र मा.वि. मोटरबाटो | ४०० |

७. बर्षाका कारण गाउँपालिका भित्रका ग्रामिण सडकहरु विग्रिएका र यातायात चल्न सक्ने अवस्थामा नरहेकोले त्यस्ता ग्रामिण सडकहरुलाई तत्काल मर्मत सम्भार गरी दशै अघि सञ्चालनमा ल्याउनु पर्ने हुँदा उक्त मर्मत कार्यको प्राविधिक इष्टिमेट गरी लाग्ने खर्च वडा कार्यालयको बजेट तथा गाउँपालिकाले विनियोजन गरेको फन्डबाट रु. १०,००,०००।-(दश लाख) व्यहोर्ने गरी बाटो मर्मत गराउने ।

८. लिखु गाउँपालिकामा देहाय बमोजिमको न्यायिक समिति गठन गर्ने सम्बन्धमा गाउँ सभामा प्रस्ताव पेश गर्ने ।

(क) गाउँपालिका उपाध्यक्ष श्री रोजिना राई — संयोजक
(ख) गाउँ सभा सदस्य श्री सञ्जीव राई — सदस्य
(ग) गाउँ सभा सदस्य श्री भोलाप्रसाद सेढाई — सदस्य

निर्णयहरु :

१. आर्थिक बर्ष २०७४।७५ को लागि यस लिखु गाउँ कार्यपालिकामा प्रस्तुत लिखु गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अर्थ विधेयक, लिखु गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक र लिखु गाउँपालिकाको आ.ब. २०७४।७५ को बार्षिक नीति तथा कार्यक्रम लाई स्वीकृत गरी गाउँ सभामा स्वीकृतिका लागि पेश गर्ने ।

०७४/२/२५